सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २७९ ♦ २०८३ साल असार ९ मंगलवार ♦ 23 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## रामगोपालपुर नगरपालिकाको ४९ करोड ४२ लाख ५५ हजार बढीको बजेट सार्वजनिक



**खबर दर्पण समाचारदाता**

**असार ८ गते, बर्दिवास**

महोत्तरीको रामगोपालपुर नगर पालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि ४९ करोड ५५ लाख ३८ हजार रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ। नगर पालिकाले आगामी आर्थिक वर्षका नीति, कार्यक्रम तथा योजना सञ्चालनका लागि उक्त बजेट प्रस्ताव गरेको हो।

सोमवार सम्पन्न नगरपालिकाको १४ औं नगर सभामा नगर प्रमुख राम दुलार साहले बजेट प्रस्तुत गर्दै स्थानीय पूर्वाधार विकास, सार्वजनिक सेवा प्रवाह सुधार, सामाजिक क्षेत्रको विकास तथा नगर क्षेत्रको समग्र समृद्धिलाई प्राथमिकतामा राखेको जनाएको छ।

नगरपालिकाको वार्षिक बजेट विवरणअनुसार कुल बजेटमध्ये संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँड, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, तथा आन्तरिक आयलाई मुख्य स्रोतका रूपमा समेटिएको छ।

बजेटमा संघीय वित्तीय समानीकरण अनुदानतर्फ ९ करोड ८० लाख रुपैयाँ, संघीय सशर्त अनुदानतर्फ १६ करोड ७६ लाख रुपैयाँ, संघीय विशेष अनुदानतर्फ ३ करोड ३० लाख रुपैयाँ र संघीय समपूरक अनुदानतर्फ १ करोड ७० लाख रुपैयाँ अनुमान गरिएको छ।

त्यस्तै संघीय राजस्व बाँडफाँडबाट ९ करोड ५७ लाख ९१ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ। प्रदेश सरकारतर्फ वित्तीय समानीकरण अनुदान ६६ लाख ४७ हजार रुपैयाँ, विशेष अनुदान २० लाख रुपैयाँ, समपूरक अनुदान ३० लाख रुपैयाँ, प्रदेश राजस्व बाँडफाँड ६५ लाख रुपैयाँ र सशर्त अनुदान ६० लाख रुपैयाँ अनुमान गरिएको छ।

नगरपालिकाले आफ्नो आन्तरिक आम्दानीतर्फ ३० करोड रुपैयाँ, मालपोतबाट प्राप्त हुने स्थानीय राजस्वतर्फ १ करोड ५० लाख रुपैयाँ र अन्य रकमतर्फ १ करोड ५० लाख रुपैयाँ अनुमान गरेको छ।

# औरही नगरपालिकाको बजेट ४६ करोड ६९ लाख

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**असार ८ गते, महोत्तरी**



महोत्तरीको औरही नगर पालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि रु ४६ करोड ६९ लाख १७ हजारको अनुमानित बजेटसहित नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। “शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार : समृद्ध औरहीको आधार” भन्ने नाराका साथ नगरपालिकाले विकास निर्माण, प्रविधिमैत्री सुशासन र सामाजिक रूपान्तरणलाई प्राथमिकतामा राखेको जनाएको छ।

औरही नगरपालिकाको १८औं नगरसभाको विशेष अधिवेशन नगर प्रमुख एवं सभाध्यक्ष प्रदीप कुमार खड्काको अध्यक्षतामा सम्पन्न भएको हो। कार्यक्रममा मधेश प्रदेश सभाका सभामुख रामआशिष यादव प्रमुख अतिथि तथा नगर उपप्रमुख रेणु झा र जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनलाल कर्ण विशिष्ट अतिथिका रूपमा सहभागी हुनुभएको थियो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुशील प्रसाद आचार्यले स्वागत मन्तव्य राख्दै जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी तथा नगरवासीलाई स्वागत गर्नुभएको थियो।

नगरसभामा बजेट प्रस्तुत गर्दै नगर प्रमुख खड्काले कुल बजेटको स्रोत व्यवस्थापन बारे जानकारी दिँदै नेपाल सरकारबाट रु ३८ करोड ७ लाख ३० हजार, प्रदेश सरकारबाट रु १ करोड ७५ लाख ९८ हजार, आन्तरिक राजस्वबाट रु १ करोड ५० लाख तथा नगद मौज्दातबाट रु ५ करोड ३५ लाख ८९ हजार जुटाइने बताउनुभयो।

चालु आर्थिक वर्षको प्रगति समीक्षा गर्दै नगर प्रमुख खड्काले नगर क्षेत्रमा थप ५ किलोमिटर सडक निर्माण सम्पन्न भएको र ९ वडामध्ये ६ वटा वडा कार्यालयबाट आफ्नै भवनमार्फत सेवा प्रवाह सुरु भइसकेको जानकारी दिनुभयो।

आगामी आर्थिक वर्षमा नगर पालिकाले डिजिटल सुशासनलाई विशेष प्राथमिकता दिएको छ। विद्युतीय हाजिरी प्रणालीलाई स्वास्थ्य संस्थासम्म विस्तार गर्ने तथा सामाजिक सुरक्षा भत्ता वितरणमा बायोमेट्रिक र ईएफटी प्रणाली लागू गर्ने योजना अघि सारिएको छ।

शिक्षा क्षेत्रमा विपन्न तथा जेहेन्दार छात्रालाई साइकल वितरण कार्यक्रमलाई निरन्तरता दिँदै जीवनोपयोगी तथा सीपमूलक शिक्षामा जोड दिइने भएको छ।

स्वास्थ्यतर्फ १५ शैयाको आँखा अस्पताल निर्माण अघि बढाउने तथा क्षयरोग र कुपोषण न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको छ।


पूर्वाधार विकासतर्फ नयाँ सडक आयोजनाको डीपीआर तयार गर्ने, सडक निर्माणसँगै नाला निर्माणलाई अनिवार्य गर्ने र ‘हरित सडक’ अवधारणाअनुसार वृक्षारोपण गर्ने योजना समेटिएको छ।

कृषि क्षेत्रको विकासका लागि बाँझो जमिन उपयोग गर्ने कृषकलाई बीउ तथा कृषि औजारमा अनुदान, माटो परीक्षण सेवा, स्यालो ट्युबवेल र कृषि उपकरण उपलब्ध गराउने कार्यक्रम

*बाँकी पृष्ठ ३ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी








- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,

- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प

- फलेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# विश्वकर्मा समाज कतार द्वारा कलाकार सम्मान तथा सृजना/प्रतिभा प्रस्तुति कार्यक्रम भव्य रूपमा सम्पन्न



आशिक हुसैन शेख दोहा कतार

विश्वकर्मा समाज कतारको आयोजनामा कलाकार सम्मान तथा सृजना/प्रतिभा प्रस्तुति कार्यक्रम २०२६ भव्य तथा उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको छ। समाजका अध्यक्ष दिपक विश्वकर्माको अध्यक्षता तथा दलित एकता सञ्जाल कतारका अध्यक्ष प्रकाश विश्वकर्माको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा कतारस्थित नेपाली समुदायको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रमको शुभारम्भ प्रमुख अतिथिबाट दीप प्रज्वलन गरी गरिएको थियो। त्यसपछि उपस्थित सम्पूर्णले नेपालको राष्ट्रिय गान गाएका थिए भने राष्ट्रका लागि आफ्नो जीवन उत्सर्ग गर्ने अमर शहीदहरूप्रति सम्मान प्रकट गर्दै एक मिनेट मौनधारण गरिएको थियो।

कार्यक्रममा विश्वकर्मा समाज कतार, दलित एकता सञ्जाल कतार, परियार मित्रता समाज कतारका पदाधिकारीहरू, परियार मित्रता समाज महिला विभागका दिदीबहिनीहरू, बुद्धिजीवी, समाजसेवी, सामाजिक अभियन्ता, कलाकार, पत्रकार तथा दलित-गैरदलित समुदायका दाजुभाइ तथा दिदीबहिनीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रमको विशेष आकर्षणका रूपमा कलाकारहरूले गीत, नृत्य, तथा कला र प्रतिभा प्रस्तुत गरेका थिए। प्रस्तुतिहरूले उपस्थित दर्शकहरूको मन जित्दै कार्यक्रमलाई थप मनोरञ्जनात्मक र स्मरणीय बनाएको थियो।

यस अवसरमा कला, संस्कृति, सञ्चार तथा सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका विभिन्न कलाकार तथा पत्रकारहरूलाई सम्मानपत्र तथा खादा ओढाएर सम्मान गरिएको थियो। सम्मानित व्यक्तित्वहरूको योगदानको उच्च मूल्याङ्कन गर्दै आयोजकले आगामी दिनमा पनि यस्ता प्रतिभाहरूलाई प्रोत्साहन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि प्रकाश विश्वकर्माले समाजमा कला, साहित्य, सञ्चार र सामाजिक जागरणको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै यस्ता कार्यक्रमहरूले समुदायबीच एकता, सहकार्य र आपसी सद्भावलाई मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो। अन्य वक्ताहरूले पनि प्रतिभा सम्मान र संरक्षणको संस्कृतिलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए।

कार्यक्रमको समापनमा अध्यक्ष दिपक विश्वकर्माले कार्यक्रम सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा भौतिक, नैतिक र आर्थिक सहयोग पुऱ्याउने सम्पूर्ण व्यक्ति, संघ-संस्था, कलाकार, पत्रकार, अतिथि तथा सहभागीहरूप्रति हार्दिक आभार व्यक्त गर्नुभयो।

विश्वकर्मा समाज कतारले नेपाली कला, संस्कृति, प्रतिभा तथा सामाजिक एकताको प्रवर्द्धनका लागि आगामी दिनमा पनि यस्ता रचनात्मक कार्यक्रमहरूलाई निरन्तरता दिने जनाएको छ।

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं।
जलेश्वर
नगरपालिका,महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
रामगोपालपुर
नगरपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं।
बर्दिबास
नगरपालिका,महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
गौशाला नगर पालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मनरा शिस्वा
नगरपालिका,महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मटिहानी
नगरपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
औरही नगरपालिका
महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
सोनमा गाउँपालकि,
धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
एकडारा गाउँपालिका,
महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं।
लोहारपट्टी
नगरपालिका,महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं।
बलवा
नगरपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
भंगहा
नगरपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव
छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं।
सम्शी गाउँपालिका,
महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
पिपरा
गाउँपालिका, महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
महोत्तरी
गाउँपालिका, महोत्तरी

# औरही नगर.....

समावेश गरिएको नगर पालिकाले जनाएको छ।

कार्यक्रममा प्रमुख अतिथि सभामुख यादवले स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार भएकाले जनताको आवश्यकता र अपेक्षाअनुसार नीति तथा कार्यक्रम निर्माण गर्नुपर्ने बताउनुभयो। उहाँले शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारलाई प्राथमिकता दिइएको नीति तथा कार्यक्रम सकारात्मक रहेको उल्लेख गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो।

जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख कर्णले स्थानीय तहको विकासका लागि पारदर्शिता, गुणस्तरीयता र जनसहभागिता आवश्यक रहेको बताउनुभयो। कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, वडा अध्यक्ष तथा सदस्यहरू, कार्यपालिका सदस्य, विद्यालय तथा स्वास्थ्य संस्थाका कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी र स्थानीयवासीको सहभागिता रहेको थियो।

नगर प्रमुख खड्काले अन्त्यमा सहभागी सबैप्रति धन्यवाद ज्ञापन गर्दै औरही नगर पालिकाको १८औँ नगर सभाको विशेष अधिवेशन समापन भएको घोषणा गर्नुभयो।

# रस लाफान औद्योगिक क्षेत्रमा कारखानाभित्र विस्फोट

आशिक हुसैन शेख
दोहा कतार

कतारको रस लाफान औद्योगिक क्षेत्रमा रहेको एक कारखानाभित्र आइतबार राति करिब १०:३० बजे आन्तरिक विस्फोट भएको छ। घटनापछि कारखानाको केही भागमा आगलागी भए पनि कुनै मानवीय क्षति, घाइते वा ग्यास चुहावट नभएको कतारको गृह मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार घटनाको जानकारी प्राप्त हुनासाथ नागरिक सुरक्षा तथा आपतकालीन उद्धार टोलीहरू घटनास्थलमा परिचालन गरिएका थिए। सुरक्षाकर्मीहरूले आगो नियन्त्रणमा लिएर प्रभावित क्षेत्रलाई सुरक्षित बनाएका छन्। साथै, सम्बन्धित निकायहरूले घटनास्थलमा सुरक्षा व्यवस्था कडा पार्दै थप अनुसन्धान अघि बढाइरहेका छन्।

सामाजिक सञ्जालमा कतिपय व्यक्तिहरूले कम्पन महसुस गरेको तथा घरका झ्याल-ढोका हल्लिएको उल्लेख गरेका छन्। तर हालसम्म कतारका आधिकारिक निकायहरूले सार्वजनिक गरेको जानकारीअनुसार घटनाबाट सर्वसाधारणको सुरक्षामा कुनै खतरा उत्पन्न भएको छैन।

प्रारम्भिक अनुसन्धानका आधारमा विस्फोट कारखानाभित्रकै प्राविधिक कारणले भएको हुन सक्ने अनुमान गरिएको छ। यद्यपि घटनाको वास्तविक कारण बारे सम्बन्धित प्राविधिक तथा सुरक्षा निकायहरूले विस्तृत अनुसन्धान गरिरहेका छन्।

रस लाफान कतारको महत्वपूर्ण ऊर्जा तथा प्राकृतिक ग्यास प्रशोधन केन्द्रमध्ये एक हो, जहाँबाट विश्वका विभिन्न मुलुकमा तरलीकृत प्राकृतिक ग्यास (LNG) निर्यात हुँदै आएको छ। घटनाका बाबजुद ऊर्जा आपूर्ति तथा सार्वजनिक सुरक्षामा कुनै असर नपरेको अधिकारीहरूले बताएका छन्।

कतारको गृह मन्त्रालयले सर्वसाधारण तथा सञ्चार माध्यमलाई आधिकारिक निकायबाट प्राप्त जानकारीलाई मात्र आधार मानेर समाचार सम्प्रेषण गर्न आग्रह गरेको छ। कतारमा प्रचलित कानुन तथा सञ्चारसम्बन्धी नियमहरूको पूर्ण पालना गर्दै अपुष्ट सूचना, अफवाह वा अनुमानका आधारमा सामग्री प्रकाशन नगर्न समेत अनुरोध गरिएको छ।

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
धनुषाधाम नगरपालिका,धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
विदेह नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
औरही गाउँपालिका, धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
वटेश्वर गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
लक्ष्मीनियाा गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
नगराईन नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
सबैला नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
कमला नगरपालिका धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मिथिला विहारी नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
हंसपुर नगरपालिका,धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
मिथिला नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
शहिद नगर नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
जनकनन्दनी गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका, धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
धनौजी गाउँपालिका, धनुषा

# आँप महोत्सव सम्पन्न, ३० लाखभन्दा बढीको कारोबार




**खबर दर्पण समाचारदाता**

**असार ८ गते, बर्दिवास**

महोत्तरी र धनुषाका आँप उत्पादक किसानलाई प्रोत्साहन गर्दै स्थानीय उत्पादनको बजारीकरण र प्रवर्द्धन गर्ने उद्देश्यले धनुषाको बटेश्वर गाउँपालिका-१ चित्रपुरमा आयोजित तीनदिने तेस्रो आँप मेला महोत्सव आइतबार सम्पन्न भएको छ ।

महोत्सवमा १० हजारभन्दा बढी दर्शकको उपस्थिति रहेको तथा ३० लाख रुपैयाँभन्दा बढीको कारोबार भएको आयोजकले जनाएको छ ।

शुक्रबारदेखि सुरु भएको महोत्सवमा महोत्तरी र धनुषाका किसान, व्यापारी, होटल तथा पर्यटन व्यवसायी, सामाजिक संघसंस्थाका प्रतिनिधि तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो ।

मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवसहित मन्त्री, प्रदेशसभा सदस्य तथा विभिन्न स्थानीय तहका जनप्रतिनिधिले समेत महोत्सवको अवलोकन गरेका थिए ।

महोत्सवले स्थानीय उत्पादनलाई नयाँ बजारसँग जोड्ने वातावरण सिर्जना गरेको भन्दै सहभागी किसानहरूले यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन् । बर्दिबास नगरपालिका-६ का किसान पर्शुराम ठाकुरले प्रदेश सरकारले यस वर्ष विशेष चासो देखाएकाले किसानका समस्या समाधान हुने आशा बढेको बताए ।

महोत्सवमा विभिन्न स्थानबाट आएका व्यापारीहरूले आँप खरिदमा चासो देखाएका छन् । चित्रपुरका व्यापारी रामबहादुर महतोले आफ्नो स्टलबाट मात्र करिब १०० क्विन्टल आँप बिक्री भएको जानकारी दिँदै यसपटक बाहिरी जिल्लाका साथै भारतसम्मका व्यापारीहरू चित्रपुरमै आएर आँप खरिद गर्न इच्छुक देखिएको बताए ।

आँप उत्पादनका लागि महोत्तरीका बर्दिबास र भंगहा तथा धनुषाका मिथिला नगरपालिका र बटेश्वर गाउँपालिका प्रमुख क्षेत्र मानिन्छन् । यी चारवटै स्थानीय तहका किसानलाई केन्द्रमा राखेर आयोजना गरिएको महोत्सवमा विभिन्न जातका आँपको प्रदर्शनी, बिक्री तथा व्यापारिक सम्पर्क विस्तारका कार्यक्रम सञ्चालन गरिएको थियो ।

आयोजक संस्था 'चित्रपुर म्याङ्गो एग्रो टुरिज्म इनिसिएटिभ'का अध्यक्ष प्रदीप महतोले मुख्यमन्त्री तथा प्रदेश सरकारका प्रतिनिधिहरूबाट आँप प्रशोधन उद्योग, चिस्यानघर निर्माण र बजारीकरणमा सहयोग गर्ने प्रतिबद्धता प्राप्त भएको बताए । राज्यको साथ पाए बगैंचामा आधारित व्यवसायबाट किसानले राम्रो आम्दानी गर्न सक्ने उनको भनाइ छ ।

चित्रपुर क्षेत्रमा मात्रै करिब एक हजार बिघा क्षेत्रफलमा आँप बगैंचा रहेको छ भने बटेश्वर गाउँपालिका क्षेत्रमा दुई हजार बिघाभन्दा बढी क्षेत्रमा आँप खेती हुने गरेको छ । छिमेकी बर्दिबास, भंगहा र मिथिला नगरपालिकासहित यस क्षेत्रको कुल बगैंचा क्षेत्रफल करिब पाँच हजार बिघा रहेको बताइएको छ ।

किसानहरूका अनुसार जेठको तेस्रो सातादेखि सुरु हुने आँपको मौसम भदौको अन्तिमसम्म रहने गर्दछ । बम्बै, दशहरी, मालदह, आम्रपाली, मल्लिका, स्वर्णरेखा, गुलाबखास, लालमोहनलगायतका विभिन्न जातका आँप यहाँ उत्पादन हुने गरेका छन् ।

भंगाहा-४ का किसान हरिदेव साहले उत्पादनसँगै भण्डारण र प्रशोधनको सुविधा आवश्यक रहेको उल्लेख गर्दै चिस्यानघर तथा उद्योग स्थापना भए वर्षभरि बजार व्यवस्थापन गर्न सहज हुने बताए । उनले प्रदेश सरकारको पछिल्लो प्रतिबद्धताले किसानमा नयाँ आशा पलाएको बताए ।

महोत्सवका क्रममा पाकेका र काँचो आँपका साथै विभिन्न प्रकारका अचार तथा परिकारको प्रदर्शनी र बिक्री गरिएको थियो । आगन्तुकलाई विभिन्न जातका आँप चखाउने व्यवस्था गरिएको थियो । सहभागीहरूले यस क्षेत्रका आँपको स्वाद विशिष्ट र मौलिक रहेको प्रतिक्रिया दिएका थिए ।

आयोजक संस्थाका फुलगेन मगहीले आँपको बजारीकरण मात्र नभई स्थानीय उत्पादनको विशेषता उपभोक्तासमक्ष परिचित गराउनु पनि महोत्सवको मुख्य उद्देश्य रहेको बताए । महोत्सवमार्फत चित्रपुर क्षेत्रलाई 'आँप पर्यटन'को गन्तव्यका रूपमा विकास गर्ने दीर्घकालीन योजना रहेको उनको भनाइ छ ।

वि.सं. २०८१ देखि सुरु भएको चित्रपुर आँप महोत्सव पहिलो वर्ष एक दिन, दोस्रो वर्ष दुई दिन र यस वर्ष तीन दिनसम्म सञ्चालन गरिएको थियो । स्थानीय जनप्रतिनिधिहरूले महोत्सवले किसानलाई उत्साहित बनाउनुका साथै आँप खेतीको विस्तार र यस क्षेत्रको पहिचान स्थापित गर्न महत्त्वपूर्ण योगदान पुर्‍याएको बताएका छन् ।

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरीलाई उच्च शिक्षा दिलाऔं ।

लहान नगरपालिका,सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।

कर्जन्हा नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरीलाई उच्च शिक्षा दिलाऔं ।

लालबन्दी नगरपालिका, सर्लाही

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरीलाई उच्च शिक्षा दिलाऔं ।

मिर्चैया नगरपालिका,सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।

गोलबजार नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरीलाई उच्च शिक्षा दिलाऔं ।

धनगढीमाई नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरीलाई उच्च शिक्षा दिलाऔं ।

जनकपुरधाम उपमहानगरपालिका

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।

क्षीरेश्वरनाथ नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरीलाई उच्च शिक्षा दिलाऔं ।

गणेशमान चारनाथ नगरपालिका, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,